मिति २०८२ साल भदौ महिनाको १२ गते बिहिबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | |
| १६. | श्री लोक बहादुर वि.क. | सदस्य सचिव | |

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु:

१. खानी तथा भूगर्भ विभागबाट प्राविधिक सहयोग माग गर्ने सम्बन्धमा।
२. दररेट स्वीकृत सम्बन्धमा।
३. सहकारी दर्ता सम्बन्धमा।
४. लागत अनुमान स्वींकृत सम्बन्धमा।
५. आर्थिक सहयोग सम्बन्धमा।
६. सिमेन्ट ढुवानी छुट भुक्तानी सम्बन्धमा।
७. छुट भुक्तानी सम्बन्धमा।
८. वार्षिक प्रगति समिक्षा सम्बन्धमा।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को प को (७) नं बुँदामा उल्लेखित ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने कार्य स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने दिखन्छ । त्यसै गरि जुगल गाउँपालिकाको नदीजन्य पदार्थ तथा स्लेटको सर्वेक्षण, उत्खनन् र उपयोग ऐन, २०८१ ले गरेको व्यवस्था बमोजिम निम्नानुसार व्यवसायीहरूले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा तोकिएको क्षेत्रफलमा साधारण निर्माणमूखी सामाग्री स्लेट उत्खननको लागि अनुमति माग गरेको सम्बन्धमा व्यवसयिहरूको तर्फबाट तयार पारिएको Mining Scheme, IEE, TOR र प्रतिवेदन प्रस्तुतीकरणको चरणमा रहेकोले खानी तथा भुगर्भ विभागबाट यस सम्बन्धमा प्राविधिक पक्षहरू अध्ययन गरि राय सुझाव प्रदान गरिदिनको लागि २ (दुई) जना प्राविधिक तोकी पठाउन खानी तथा भूगर्भ विभागमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

| क. सं. | प्रस्तावकको नाम | प्रस्तावित उत्खनन क्षेत्रको नाम | ठेगाना | प्रतिवेदन तयार पार्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेशम दोङ | रेशम पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | ईको भिजन सर्भिसेस नेपाल प्रा.लि, काठमाण्डौं | |
| २ | देउ बहादुर स्याङबो | देउ बहादुर पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | | |
| ३ | जरी स्याङबो | जरी स्याङबो पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | | |
| ४ | हिराकाजी दोङ | हिराकाजी पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | | |
| ५ | दावा दोर्जे | दावा पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | | |
| ६ | कृष्ण बहादुर खड्का | कृष्ण पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल २ | | |
| ७ | क्षेत्र बहादुर भुजेल | क्षेत्र पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल ३ | | |
| ८ | कृष्ण बहादुर शाक्य | शेरजंगार गणेशस्थान पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल ३ | आर्किटेक एण्ड अलाइट काठमाण्डौं | |
| ९ | संचविर तामाङ | दोभान पेभ स्टोन उत्खनन् क्षेत्र | जुगल ६ | | |

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको लागि आ.व. २०८२/०८३ मा लागू हुने गरी जिल्ला दर रेटलाई नै स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको प्रस्तावित श्री हगाम याङलाकोट साना किसान कृषि सहकारी संस्था लि.ले यस कार्यालयमा पेश गरेको कागजातको अध्ययन परिक्षण गर्दा सहकारी संस्था दर्ता दिग्दर्शन २०७४ दफा १२.२ दर्ता कार्यविधिको ख. विस्तृत छानबिन अनुसुचि २ विधिसमतिको जाँच सि. नं. ९ मा छिमेक वा समुदाय साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरु सवै जना वडा भित्र स्थायी रुपमा वा कम्तीमा ८५ प्रतिशत स्थायी रुपमा र बाँकी पनि स्थायित्व रहनेगरी नै बसोवास गरीरहेका हुन भन्ने व्यहोरा सहित वडा कार्यालयबाट संस्था दर्ता गरिदिन सिफारिस भईआएको हुनुपर्ने व्यवस्था भएकोमा प्रस्तावित श्री हगाम याङलाकोट साना किसान कृषि सहकारी संस्था लि.ले उक्त व्यहोराको वडा कार्यालयबाट सिफारिस पत्र पेश भएको नदेखिएको र ७ दिन भित्र वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु भनि यस कार्यालयबाट मिति २०८२।०५।०४ गते पत्राचार गरीएकोमा वडा कार्यालयबाट सिफारिस दिन नमानेको भनि मिति २०८२।०५।११ गते निवेदन प्राप्त भएकोले उक्त सहकारीको सहकारी संस्था दर्ता दिग्दर्शन २०७४ दफा १२.२ दर्ता कार्यविधिको ख. विस्तृत छानबिन अनुसुचि २ विधिसमतिको जाँच सि. नं. ९ मा छिमेक वा समुदाय साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरु सवै जना वडा भित्र स्थायी रुपमा वा कम्तीमा ८५ प्रतिशत स्थायी रुपमा र बाँकी पनि स्थायित्व रहने गरी नै बसोवास गरीरहेको व्यहोरा यस कार्यपालिकाबाट प्रमाणित गरि प्रस्तावित श्री हगाम याङलाकोट साना किसान कृषि सहकारी संस्था लि.लाई दर्ता गर्ने निर्णय गरियो।

निर्णय नं.४

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको आ.ब.२०८२/०८३ को बार्षिक स्वीकृत नीति तथा योजना, कार्यक्रम अनुसार तपशिलका योजनाहरुको प्राविधिक इस्टिमेटबमोजिम पेश भएको लागत अनुमान स्वीकृत गर्ने तुरुन्त बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | खुन्दुर्के गोल्चे यार्सा सडक | १,९९,७५,८७७।- | |
| २ | कुमाले कुम्भेश्वर तार्के सडक | १,९९,४०,५१२।- | |

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोक नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | सुनील्हुङ गोल्चे खोला पहिरो नियन्त्रण | १,९५,२०,४४२।- | |
| ४ | गुङ्गा बेशी सुनखोला पहिरो नियन्त्रण | ९३,६७,४९६।- | |
| ५ | ढाँडे बस्ती संरक्षण | ३४,४५,०९१।- | |
| ६ | श्री सेती देवी भवन निर्माण | ४५,१२,६८०।- | |
| ७ | बगर नाम्फा सञ्चागाउँ सडक | ७५,१०,३१२।- | |
| ८ | गाउँपालिका भवन संरक्षण गेट तथा घेराबार निर्माण | ५५,६५,०१३ | |

निर्णय नं.५

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको विविध खेलकुद शिर्षकमा विनियोजन भएको रकमबाट नेपाल सोतोकान कराँते संघ शाखा (डोजो) जुगल गाउँपालिका कार्य समितिको आयोजनामा १२औं जिल्ला स्तरीय तथा अध्यक्ष कप नेपाल सोतोकान कराँते प्रतियोगिता खेलको विकास गर्ने खेलाडीहरुको उज्वल भविष्यको लागि जिल्ला भरि रहेका प्रतिभाशाली खेलाडीहरुको क्षमता विकास गर्ने उद्देश्यले मिति २०८२ भाद्र २७ र २८ गते सञ्चालन गर्नका लागि मिति २०८२/०५/११ गते आर्थिक माग भई आएकोले आर्थिक सहयोगको रुपमा नेपाल सोतोकान कराँते संघ केन्द्रलाई रु.२,००,०००।- (अक्षरुपी रु दुई लाख रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट शिर्षक नं ५४८ मा मान्जे खोला नदी नियन्त्रणमा बजेट विनियोजन भई मिति २०८१/१२/०७ गते उपभोक्त समितिसँग निर्माण कार्य गर्ने सम्झौता भएको थियो। सम्झौता र प्राविधिक लागत अनुमानको आधारमा १२०० बोरा सिमेन्ट पालिकाले खरिद गरी कार्यस्थलमा ढुवानी गरी काम सम्पन्न भएको थियो। १२०० बोरा सिमेन्ट धादिङदेखि गाउँपालिकाको मान्जेसम्मको ढुवानी रकम सम्झौता अनुसार रु.१,१७,५२०।– (अक्षरेपी रु एक लाख सत्र हजार पाँच सय बिस रुपैयाँ मात्र।) भ्याट सहित भुक्तानी गर्न असार महिनामा आर्थिक प्रशासन शाखाको कामको चाप र व्यस्तताले भुलबस छुट भएको हुँदा उक्त रकम अडीन ट्राभल एण्ड एक्सपिडिसनलाई आ.व. २०८२/०८३ मा भुक्तानी दिने निर्णय गरियो।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं.७

प्रस्ताव नं.७ माथि छलफल गर्दा आर्थिक प्रशासन शाखाको कामको चाप र व्यस्तताका कारण आ.व. २०८१/०८२ मा पुल हेरालुमा कार्यरत कामदारहरूको भुक्तानी भुलवश छुट भएको हुँदा, उक्त रकम आ.व. २०८२/०८३ मा भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.८

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा निम्नानुसार गरियो।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रम, योजना र बजेटको प्रगती समिक्षा

**आय व्ययः**

यस जुगल गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को कुल वार्षिक बजेट रु.६१,७८,१५,८८९।-( ६१ करोड ७८ लाख १५ हजार ८ सय उनानब्बे रुपैंया मात्र) रहेको थियो। जसमा चालु बजेट तर्फ रु.३७,८८,३०,८८९।- (३७ करोड ३३ लाख ३० हजार ८ सय उनानब्बे रुपैंया । विनियोजन भएकोमा जम्मा ३५,८५,२५,१४३।२१ आम्दानी भएको र आम्दानी अनुसार ८९.४३% खर्च भएको छ भने पुँजीगत बजेटतर्फ रु.२३,८९,८५,०००।- (२३ करोड ८९ लाख ८५ हजार रुपैंया) विनियोजन भएकोमा जम्मा २२,१३,८८,५९६।४४ आम्दानी भएको र आम्दानी रकम अनुसार जम्मा ८१.५५% खर्च भएको छ। समग्रमा कुल आय रकमको ८६.४२% खर्च भएको छ।

## १.सुशासन तथा सार्वजनिक सेवा प्रवाहतर्फः

### (क) सार्वजनिक सेवाः

१. सहायता/सोधपुछ कक्ष तथा प्रतिक्षालयको (waiting room) व्यवस्था गरिएको छ।
२. गाउँपालिकाको आफ्नै सेवा प्रवाहको मापदण्ड (SOP) लागू गरिएको छ ।
३. स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कनमा गाउँपालिकाले कुल १०० पूर्णाङ्कमा ९८ ( अन्ठानब्बे) अंक प्राप्त गरेको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा कुल १०० पूर्णाङ्कमा ९९।५ अंक प्राप्त गरेको छ ।
४. जुगल भ्यू पोइन्ट तथा साँस्कृतिक केन्द्रमा अनावरणको लागि म्यानमारबाट जुगल गाउँपालिकालाई उपहार स्वरुप बहुमुल्य जेट स्टोनबाट बनेको marble Sitting Buddha प्राप्त भएको छ ।
५. जुगल गाउँपालिका र गाउँपालिका भित्र निर्माणाधिन हाईड्रोपावरहरुसँग समन्वयात्मक बैठक गाउँपालिकाको हितमा ६ बुँदे निर्णय भएको छ ।
६. यो वर्ष १६८ वटा योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन भएका छन् भने खोलपत्रबाट ९ वटा र कोटेसनबाट १८ वटा कार्यान्वयन भएका छन् ।
७. यो वर्ष नयाँ कार्यको रुपमा ३ वटा खानेपानी मुहान दर्ता र ३ वटा नविकरण गरिएको छ ।
८. सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, मितव्ययी, सरल, सहज र सेवाग्राहीमैत्री बनाईएको छ ।

### (ख) व्यवसाय दर्ता तथा राजश्व संकलन :

१. आ.व २०८१।०८२ सम्म जम्मा ३०० वटा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन्। चालु आ.व.को श्रावण देखि हाल सम्ममा जम्मा १८ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् भने ६७ वटा व्यवसायहरु नविकरण भएका छन् । यो वर्ष नयाँ ४ वटा घ वर्ग ईजाजत पत्र प्रदान



गरिएको छ भने पुरानो घ वर्ग ईजाजत पत्र ६१ वटा छन् जसमध्ये ४७ वटाले नविकरण गरिसकेका छन् ।
२ चालु आ.व.मा आन्तरिक आय तर्फ रु २ करोडको राजश्व अनुमान गरिएकोमा ५३.३४ प्रतिशत मात्र राजश्व संकलन भएको छ:-

| क्र.सं. | कार्यालय | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका | ८२,६१,७८८।२६ | ८२ लाख ६१ हजार ७ सय ८८ रुपैयाँ |
| २ | वडा नं.१ सेलाङ | २४६०२०।३५ | |
| ३ | वडा नं.२ गोल्चे | ४१३५०३।३२ | |
| ४ | वडा नं.३ गुम्बा | ४०६१४८।४० | |
| ५ | वडा नं.४ पाङताङ | ४१२४७८।३३ | |
| ६ | वडा नं.५ बराम्ची | ४१५१०६।९२ | |
| ७ | वडा नं.६ हगाम | २७३६३०।११ | |
| ८ | वडा नं.७ याङ्ग्रिलाकोट | २३८७४४।५३ | २४ लाख ५ हजार ४ सय ३२ |
| जम्मा | | १०६६७२२०।२२ | १ करोड ६ लाख ६७ हजार २ सय २० रुपैयाँ २० पैसा मात्र |

### (ग) कानून निर्माणः

| क्र सं | कानून | गत वर्षसम्म | यस वर्ष | जम्मा |
|---|---|---|---|---|
| १ | ऐन | २० | २ | २२ |
| २ | नियमावली | ५ | ० | ५ |
| ३ | कार्यविधि/मापदण्ड/निर्देशिका | ४४ | ५ | ४९ |

### (घ) सञ्चार तथा सूचना प्रविधिः

१ गाउँपालिकाको सेवा प्रवाहलाई थप छिटो छरितो बनाउन वेभसाइट, फेसबुक, ईमेल, लेखा व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, ई-सिफारिस प्रणाली, ई बिडिङ, योजना व्यवस्थापन प्रणाली, न्यायिक समिति मुद्दा दर्ता प्रणाली, ग्रुप एस,एम,एस लगायत शिक्षा, स्वास्थ्य, कृषि व्यवस्थापन प्रणालीको प्रयोग भईरहेको छ।

## २. सामाजिक विकास तर्फः



### (क) शिक्षा, युवा तथा खेलकुदः

१. १ जना खेलकुद शिक्षकको व्यवस्था गरिएको छ ।
२. एक विद्यालय एक कम्प्युटर कार्यक्रम अन्तर्गत ९ ओटा विद्यालयलाई डेस्कटप र प्रिन्टर हस्तान्तरण गरिएको छ।
३. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शिक्षक भलिबल तथा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरिएको छ।
४. १८ वटा विद्यालयको सुपरिवेक्षण तथा अनुगमन र नियमन गरिएको छ।
५. २३ जना विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि अध्यक्ष शैक्षिक कोष मार्फत छात्रवृत्ति वितरण गरिएको छ ।
६. १० वटा विद्यालयमा घेराबार/छाना मर्मत/चौर सम्याउने कार्य सञ्चालनमा छन् ।
७. ३३ जना शिक्षकहरुलाई ICT तालिम, ३० जनालाई क्षमता विकास र ३० जनालाई विषयगत शिक्षक तालिम सञ्चालन गरिएको छ।
८. ४० जनाले शिक्षक सेवा आयोग तयारी अनलाईन कक्षा लिइरहेका छन् ।
९. सबै विद्यार्थीहरुलाई वार्षिक शैक्षिक योजना सहितको शैक्षिक क्यालेन्डर वितरण गरिएको छ ।
१०. बागमती प्रदेश सरकार अन्तर्गत सामाजिक विकास कार्यालयको आर्थिक सहयोगमा ३० जना शिक्षकहरुलाई जुगल साँस्कृतिक प्रशिक्षण कार्यक्रम प्रदान गरिएको छ।

### (ख) महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्गः

१. यो वर्ष ६ जना थप भई हालसम्म १९३ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।
२. यो वर्ष ४ जना थप भई हालसम्म १८५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।
३. जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अपाङ्गता भएका व्यक्तिहरुको मुलप्रवाहीकरण सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।
४. शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार, शल्यक्रिया तथा पुनर्स्थापनाका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँग रु ५००००० को द्विपक्षीय सम्झौता भई हाल ७ जना बालबालिकाले सेवा पाईसकेका छन् ।
५. १४६ जना पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो झोला वितरण गरिएको छ ।
६. ३० जना महिलाहरुले नेतृत्व सीप विकास तालिम लिन सफल भएका छन् ।
७. महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाजसँगको सहकार्यमा दुई दिने निःशुल्क दन्त शिविर कार्यक्रममा ७८५ जना लाभान्वित भएका छन् ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

८. शिक्षिकाहरु मार्फत किशोरीहरुलाई आत्मरक्षाको लागि तयारी गराउने उद्देश्यले २० जना शिक्षिकाहरुलाई ३ दिने आत्मरक्षा तालिम प्रदान गरिएको छ ।
९. राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमको लागि जुगल २ को हिमाली महिला बचत तथा ऋण सहकारीका २५ जना महिला लाभान्वित भएका छन् ।
१०. गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउनका लागि GESI AUDIT गरिएको छ ।
११. बालविवाह अन्त्यका लागि जुगल गाउँपालिका भित्र रहेका १० वटा मा वि विद्यालयका ११११४ जना छात्रा छात्र को सहभागितामा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ ।
१२. बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहनका लागि पहिलो चरणको अभिमुखिकरण कार्यक्रम वडा नं ७ मा सञ्चालन गरिएको छ ।
१३. किशोरीहरुलाई महिनावारी शिक्षा तथा सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम जुगल गाउँपालिका भित्र रहेका १० वटा मा वि विद्यालयहरुमा ७५० जना किशोरीहरुलाइ प्रदान गरिएको छ ।
१४. दलित लक्षित कार्यक्रम अन्तर्गत यो वर्ष २९ जना दलितहरुलाई सुगा सिलाई मेसिन वितरण गरिएको छ ।

### (ग) स्वास्थ्यः

१. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका जम्मा ३२ जना बिरामीहरुलाई मासिक रु ५००० का दरले उपचार खर्च पाईरहेका छन् ।
२. सबै वडाहरुमा ६-१० कक्षासम्मका छात्राहरु र १०-१४ वर्ष सम्मका विद्यालय नजाने किशोरीहरुलाई एच.पी.भी. खोप अभियान ९७.३४% प्रगति हाँसिल गर्ने गरी सम्पन्न भएको छ।
३. १७ जना विपन्न तथा असहाय रोगी व्यक्तिहरुलाई औषधि उपचार सहायता खर्च तथा ३ जना विपदमा परेकालाई रु २५ हजारका दरले आर्थिक सहायता प्रदान गरिएको छ ।
४. यो वर्ष किशोरीहरुको लागि जम्मा ६,४८० सेनिटरी प्याड निशुल्क वितरण गरिएको छ ।
५. सुत्केरी तथा अति विपन्नहरुको लागि एकतर्फी निशुल्क एम्बुलेन्स सेवा अन्तर्गत ८ जना असक्त, ४ जना विपन्न,३४ जना सुत्केरी गरी ४६ जनाले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् भने ७ जनाले सुत्केरी यातायात खर्च सेवा प्राप्त गरेका छन्।
६. स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको न्युनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा सुदृढिकरण कार्यक्रम सम्पन्न भएको छ ।
७. सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधिजन्य मालसामान तथा कर्मचारीहरुको व्यवस्थापन भइसकेको छ।



लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

८. जुगल गाउँपालिका र जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकको संयुक्त आयोजनामा समुदायमा Portable X-Ray with AI को प्रयोगद्वारा एक दिने क्षयरोग खोजपड्ताल कार्यक्रममा महिला १०८ जना र पुरुष ८४ जना गरि जम्मा १९२ जनाले सेवा प्राप्त गरेका छन् जसमध्ये महिला ९ जना र पुरुष १३ जना गरि जम्मा २२ जनाको खकारको नमुना संकलन भएकोमा सबै खकार परिक्षणको नतिजा नेगेटिभ (-ve) देखिएको छ ।

९. पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि स्वास्थ्यकर्मीहरुबाट ७ वटै वडामा घरधुरी सर्वेक्षण कार्य सम्पन्न भई गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता प्रमाणिकरण घोषणा गरिएको छ ।

१०. गर्भवती महिलाहरुले नियमित गर्भ जाँच गरेबापत १ क्रेट अण्डा र संस्थागत सुत्केरी गरेबापत १ माना घिउ वितरण गर्ने कार्यक्रम अन्तर्गत १५२ जना लाभान्वित भएका छन् ।

११. जुगल गाउँपालिका र जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकको संयुक्त आयोजनामा प्रजनन् स्वास्थ्य रुग्णता स्किनिङ तथा व्यवस्थापन सम्बन्धि निःशुल्क शिविर पाङ्साकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सञ्चालन भएकोमा जम्मा ६५ जना सेवाग्राहीहरु मध्ये १० जना पोजिटिभ (+ve) देखिएका छन् भने हगाम स्वास्थ्य चौकीमा चाँहि जम्मा ५६ जना सेवाग्राहीहरु मध्ये ७ जना पोजिटिभ (+ve) देखिएका छन् ।

पोषण तर्फ

१. २४४ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

२. सात वटै वडाहरुको ३४५ जनाको सहभागीतामा हरेक वार खाना चार सम्बन्धि पोषण नाङ्लो प्रर्दशन कार्यक्रम सन्चालन गरि ११५ जना सुनौलो हजार दिनका आमाहरुलाइ विभिन्न थरिका विउविजन समेत वितरण गरिएको छ ।

३. जुगल गाउँपालिकाको ६ वटा वडाहरुका २०९ जना सुनौला हजार दिनका आमाहरु जनप्रतिनिधि स्वास्थकर्मी शिक्षक पोषण समिति महिला स्वास्थ्य स्वयंसेविका आमासमुको सहभमगितामा पोषण सुधारका लागि जनचेतनामुलक जस्तै पोषिलो जाउलो कार्यक्रम बालबालिकाको लागि सर्वाम पिठो बनाउने तरीका, फर्सिको खिर आदि बनाउन र साथै थप खाना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

४. ६३ वटा पोषण कर्नर फ्लक्स जुगल गाउँपालिका भित्र रहेका विद्यालय वडाकार्यालय र स्वास्थ्य संस्थाहरुमा राखिएको छ भने १६३ वटा पोषण सन्देश कार्ड गर्भवती र सुनौलो हजार दिनका आमाहरुलाइ वितरण गरिएको छ ।

५. पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम, पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम र पोषण सन्देशमूलक कार्यक्रम सम्पन्न भएको छ ।



६. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्नका लागि नमुनाका रूपमा श्री [illegible] मा वि मा १ वटा फलामे टनेल निर्माण तथा विद्यालयमा करेसाबारी स्थापना गरिएको छ ।

७. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम संचालन भएको छ ।

८. २३७ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा पोषण केन्द्रित कार्यक्रम सम्पन्न भएको छ ।

जुगल ग्रामीण आँखा केन्द्रः

१. गाउँपालिकाद्वारा सञ्चालन गरिएको निःशुल्क आँखा शिविर कार्यक्रमबाट ३८७ जनाले लाभ लिएका छन् । त्यसैगरी नेपाल नेत्रज्योती संघले ७७ जनाको निशुल्क रूपमा मोतिबिन्दु शल्यक्रिया गरिदिएको छ ।

२. जुगल ग्रामीण आँखा केन्द्रबाट हालसम्म १६८ महिला र १४८ जना पुरुष गरी जम्मा ३१६ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन्।

३. जुगल गाउँपालिकाको आयोजनामा जुगल ग्रामिण आँखा केन्द्रले विद्यालय आँखा शिविर संचालन हुदा १९६ जनाले सेवा प्राप्त गरेका छन्।

४. स्वास्थ्यकर्मीहरु १२ जना, विद्यालय शिक्षक र विद्यालय नर्स हरु १४ जना र महिला स्वास्थ्य स्वयं सेविकाहरु ३४ जना गरी जम्मा ६० जनालाई आँखा सम्बन्धी सामुदायिक तालिम प्रदान गरिएको छ।

५. जुगल ग्रामिण आँखा केन्द्रबाट हाल सम्म रेफर भएर आएका ३७ जना विद्यार्थीको निशुल्क जाँच गरिएको छ।

(घ) सामाजिक सुरक्षाः

हालसम्म पुराना २३९९ जना र यो वर्ष नयाँ थप १६१ जना गरी जम्मा २५६० जना लाभग्राहीहरु सामाजिक सुरक्षा भत्तामा आबद्ध छन् । यो वर्ष सामाजिक सुरक्षा तर्फ कुल रू १० करोड ८९ लाख ३८ हजार १३१ रूपैयाँ प्रहरी, बैंक कर्मचारी र गाउँपालिका कर्मचारीहरुको उपस्थितामा वडा कार्यालय मार्फत वितरण गरिएको छ।

(ङ) जीवन बीमाः

४३ जना सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका परिवार वा घाइते व्यक्ति तथा अति विपन्न परिवारहरुको लागि १ लाखको जीवन बिमा गरिएको छ । हाल १ जनाले बिमा दावी बापत रू १ लाख प्राप्त गरिसक्नु भएको छ ।

३. आर्थिक विकासतर्फः

(क) कृषि विकासः



१. १० वटा माध्यामिक विद्यालयहरुसँगको साझेदारीमा च्याउ खेती कार्यक्रममा विद्यार्थीहरुलाई कन्ये च्याउ खेति प्रविधि सिप सिकाउने कार्य सम्पन्न भएको छ ।

२. किनी खाने होईन वेचीखाने गाउँपालिका बनाउने कार्यक्रम अन्तर्गत २ वटा फर्मसँगको साझेदारीमा ७/७ रोपनी क्षेत्रफलमा मल्चिङ प्लाष्टिक सहित अकबरे खुर्सानी खेती र फलामे टनेल निर्माण गरिएको छ।

३. सामुयिक तथा व्यवसाहिक उत्पादन साझेदारी कार्यक्रम अन्तर्गत ९ वटा कृषि तथा पशुपालन फर्मद्वारा किवि, ओखर, सुन्तला र तरकारी खेतीमा घेरावार निर्माण तथा १ वटा सिँचाई ट्याङ्की र एउटा टनेल निर्माण गरिएका छन्।

४. किसान सुचिकरण कार्यक्रम अन्तर्गत यस आ.व. मा ८५५ घरधुरीको तथ्याङ्क प्रविष्टको कार्य भएको सम्पन्न भएको छ ।

५. ३ दिने मौरीपालन तालिममा १५ जना सहभागीलाई सेरेना जात मौरीसहितको आधुनिक घार प्रदान गरिएको छ।

६. रासायनिक मलको लागि ३ वटा सहकारीहरुलाई ६०mt. यूरिया र ६.५ mt. डि.ए.पि. खरिद तथा बिक्री वितरणका लागि कोटा निर्धारण गरी हाल सम्म तीनै वटा सहकारीहरुले मल वितरण गरिएको छ।

७. आलुबाली विकास केन्द्र, निगालेको आयोजनामा स्थलगत अगुवा कृषक आलु उत्पादन प्रविधि तालिम जुगल-३ मा सञ्चालन गरिएको छ।

८. जुगल-६ हगाममा ३५ जना कृषकहरुलाई टनेल खेती, नर्सरी/व्याड व्यवस्थापन, थोपा सिँचाई तथा झोलमल सम्बन्धी ३ दिने तालिम दिइएको छ।

९. जुगल-३ का ४० जना कृषकहरुलाई स्थलगत कन्ये च्याउ खेती सम्बन्धी तालिम तथा विउ वितरण गरिएको छ।

(ख) पशु सेवाः

१. सामुयिक तथा व्यवसाहिक उत्पादन साझेदारी कार्यक्रम अन्तर्गत ११ वटा कृषि तथा पशुपालन फर्मसँग साझेदारीमा बाख्रा खोर, बंगुर खोर, घेराबार तथा खानेपानीको व्यवस्था गरिएको छ।

२. नयाँ बाख्रा पकेट कार्यक्रम अन्तर्गत ३ वटा कृषि तथा पशुपालन समूह तथा सहकारीसगँ साझेदारीमा ३५ वटा नयाँ बाख्रा खोर निर्माण साथै ६ वटा बोयर जातको बोका वितरण गरीएको छ।

३. चौंरिपालन व्यवसायको चरन खर्क सुधार तथा घुम्ती गोठ निर्माण कार्यक्रम अन्तर्गत ६वटा घुम्ती गोठ ५० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको छ।

४. ८० माउ भेडा बाख्रा भन्दा बढी पालन गर्ने कृषकको लागि साझेदारीमा १ वटा घुम्ती खोर निर्माण गरिएको छ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

५. आधुनिक पशुपालन तालिम अन्तर्गत ८० जना बाख्रा पालक कृषकलाई आधुनिक खोर निर्माण गर्ने तरिका सिकाइएको छ।

६. पशुपन्छीमा लाग्ने विभिन्न रोग (निमोनिया, रुघाखोकि, ज्वरो, मिल्क फिवर आदि) को परामर्श, उपचार तथा रोकथाम गरिएको छ साथै विभिन्न माहामारीजन्य रोग विरुद्धको २५,३०० वटा खोप लगाईएको छ।

७. बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. ६ मा ३० प्रतिशत साझेदारीमा बोयर जातको प्रजनन योग्य २१ वटा बोका वितरण गरिएको छ ।

८. पशुपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १ र ५ मा ५० प्रतिशत साझेदारीमा उन्नत जातको १४ वटा पाडापाडी वितरण गरिएको छ।

९. किनी खानको लागी होइन बेची खानको लागि उत्पादनको अनुदान कार्यक्रम अन्तर्गत ५ वटा कृषि तथा पशुपालन फर्म ,आमा समूहलाई साझेदारीमा कुखुरा खोर, बाख्रा खोर, बंगुर खोर तथा भैंसी गोठ निर्माण गरिएको छ।

१०. पशु सेवा तालिम केन्द्र, लगनखेलको समन्वयमा कृषकस्तर १हप्ते व्यवसायिक चौंरीपालन तालिम क्याडसिङमा २५ जना कृषकलाई प्रमाणपत्र सहित सिप हस्तान्तरण गरिएको छ।

११. बागमती प्रदेशद्वारा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा बालीवस्तुतर्फ चौंरी व्यवसाय जुगल-३ अन्तर्गत साझेदारीमा (प्रदेशःस्थानीय तहःकृषक, ६०:२०:२०) औषधी, ४६ वटा सोलार प्यानल, ९२ रेन कोट, ४६ छुर्पि प्रेस मेसिन, ४६ क्यान लगायतका अन्य सामाग्री वितरण गरिएको छ।

१२. पशु सेवा कार्यलय, धुलिखेलको आर्थिक सहयोगमा मागमा आधारित कार्यक्रम अन्तर्गत भैंसी गोठ सुधार तथा भैंसी वितरण गरिइको छ।

(ग) श्रम तथा रोजगारः

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ संघिय सरकारले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन (आई.डि.ए.) रोजगारी सृजना रु. २६,२०,०००/– र रोजगारी सृजना (नेपाल सरकार) रु.२०,७४,०००/– गरी जम्मा रु.४७,९४,०००/– (सत्चालिस लाख चौरानब्बे हजार) साथै गाउँपालिकाबाट रोजगार कार्यक्रम साझेदारीका लागि विनियोजन गरेको रकम रु.२०,०००,००/– र वडा नं. ७ ले निर्माण सामाग्री खरिदका लागि विनियोजन गरेको रु.३,००,०००।- गरी जम्मा रु. ७०,९४,०००/–(सत्तरी लाख चौरानब्बे हजार) बाट १८ वटा योजनाहरु सञ्चालन भई कार्य सम्पन्न भएका छन् ।जस अन्तर्गत आ.व. २०८१/०८२ का लागि सुचिकृत कुल ९१६ जना (४८९ पुरुष, ४२७ महिला) व्यक्तिहरु मध्ये ७९ जना व्यक्तीले कुल ७००६ दिन

कार्यान्वयन गरेकाले ५० लाख ९६ हजार २ सय ९६ रुपैयाँ बराबर वितरण गरिएको छ ।

२. आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारले उपलब्ध गराएको कुल बजेट रु.७२,०७,०००/– मध्ये रु.७०,७३,२०२/– खर्च भएको छ समग्रमा रोजगार कार्यक्रममा ९८.१४% बजेट खर्च भएको छ ।

३. आ.व. २०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सार्वजनिक विकास निर्माणका योजनाहरुमा काम गर्न इच्छुक ३३१ जना (१६५ जना पुरुष र १६६ जना महिला) बेरोजगार श्रमिकहरुको विवरण व्यवस्थापन सुचना प्रणालिमा प्रविष्ट गरिएको छ ।

४. रोजगार शाखा मार्फत् श्रमिक अभिमुखीकरण, सुरक्षित वैदेशिक रोजगारीका लागि अभिमुखिकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी सचेतनामुलक कार्यक्रम,रोजगार सम्वाद मञ्च लगाएतका कार्यक्रमहरु सम्पन्न गरिनुका साथै रोजगार रणनीति तर्जुमाका लागि सरोकारवालाहरुको धारणा संकलन गरि जुगल गाउँपालिकाको रोजगार रणनीति २०८१ तयार गरिएकोछ ।

५. वैदेशिक रोजगार बोर्डले उपलब्ध गराउने कल्याणकारी सेवा प्रवाह गर्ने क्रममा ६ जना व्यक्तीहरुको पुनः श्रम स्विकृती गरिएको छ भने ५ जनाको उद्धार तथा खोजिमा सहजिकरण गरिएको छ साथै २ जनालाई शैक्षिक छात्रवृत्तिका लागि सिफारीस गरीएको छ ।

६. यो वर्ष ९१६ जना श्रमिकहरु प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध छन् ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८ वटा योजनाहरुको सम्झौता भइ कार्य अगाडी बढाईएकोमा हालसम्म ४ वटाको भुक्तानी भैसकेको छ ।

८. श्रमिक अभिमुखिकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान, स्थानीय तहको रोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धी सरोकारवालाहरुको धारणा संकलन सम्बन्धी छलफल कार्यक्रम र रोजगार संवाद मञ्च लगाएतका कार्यक्रमहरु सम्पन्न गरिएको छ।

## (घ) उद्यम विकासः

१. घरेलु महासंघको साझेदारीमा जुगल ६ हगामका २९ जना उद्यमीलाई उद्यमशीलता तालिम प्रदान गरिएको छ ।

२. जुगल ६ हगाममै ३५ जना उद्यमीलाई एडभान्स तरकारी व्यवसाय सिप तालिम प्रदान गरिएको छ ।

३. बाँसखर्क र कात्तिकेमा गरी जम्मा ३७ जनालाई गलैंचा सिप विकास तालिम र प्रविधि हस्तान्तरण गरिएको छ ।



४. उद्यमीहरुको २० प्रतिशत लागत साझेदारीमा जुगल ६ हगाममा थोप सिंचाई प्लाष्टिक टनेल प्लाष्टिक र टुप्पाकी सिंचाई पाईप र ड्रम हस्तान्तरण गरिएको छ । यो कार्यक्रमबाट ३६ जना उद्यमीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

५. २० जना युवाहरुले ३९० घण्टे बारिस्ता तालिम लिएका छन् ।

६. गाउँपालिकाबाट यो वर्ष ८२ जना नयाँ उद्यमीहरु सिर्जना भएका छन् ।

## (ङ) पर्यटन तथा धर्म संस्कृति :

१. जुगल पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन एवं व्यवस्थापनका लागि अपनाउनुपर्ने विभिन्न आयामहरुको बारेमा छलफल साथै जुगल पर्यटनको सम्भावना, चुनौती र आगामी कार्ययोजनाको विषयमा विस्तारको "जुगल पर्यटन कार्यशाला गोष्ठी" सम्पन्न भएको छ ।

२. १० जना प्रशिक्षार्थीलाई बेसिक माउन्टेनरिङ ट्रेकिङ गाइड तालिम दिईएको छ ।

३. जुगल हिमश्रृंखलाको ४२०० मिटर उचाईमा पहिलो पटक जुगल संवाद कार्यक्रम सम्पन्न भएको छ।

४. विभिन्न धार्मिक तथा सौंस्कृतिक कार्यक्रमहरुको लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।

५. जुगल पर्यटन तथा सौंस्कृतिक विकास ऐन, २०८२ जारी गरिएको छ ।

६. PATA CHAPTER NEPAL को आयोजनामा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा जुगलको पर्यटन प्रवर्द्धन सम्बन्धमा प्रस्तुती राखिएको छ ।

## ४. भौतिक पूर्वाधार विकासतर्फः

१. मुख्य सडकहरु (गोल्चे गाउँ पाङगपु बोल्दे सडक, सुनखोला घुडा पाङताङ सडक, ढाँडे राम्चे बराम्चे सडक, बैकुण्ठे नाम्फा सलगाउँ सडक, बिसिङखर हगाम हाग्रा सडक बाँसखर्क मानेडाँडा बाँदर रुख सडक, नेरा मानेडाँडा सडक, खुन्दुर्क गोल्चे सडक) को स्तरोन्नती भएको छ ।

२. जुगल ४ पाङताङमा थाम्बाङ खोला झोलुङ्गे पुलको निर्माण कार्य भईरहेको छ ।

३. जुगल ५ चर्नौटेमा निर्माणाधिन १० शैय्या अस्पतालको निर्माण कार्य (फ्रेम स्ट्रक्चर सम्म) भएको छ ।

४. जुगल २ सिन्धुखेमा निर्माणाधिन जुगल भ्यु पोइन्ट तथा सौंस्कृतिक केन्द्रको निर्माण कार्य (हालसम्म मुर्ती राख्नको लागि फ्रेम स्ट्रक्चर) भएको छ ।

५. जुगल १ सेताङमा निर्माणाधिन जुगल मिनि रंगशालामा यो वर्ष प्यारापिट निर्माणको कार्य भईरहेको छ।

६. जुगल ६ मा मञ्जु श्री पार्क निर्माणको कार्य ( मुर्ती निर्माण र पदमार्ग ) भईरहेको छ ।

७. जुगल ५ मा जुगल ग्रामिण आँखा केन्द्र भवन निर्माण कार्य सम्पन्न भएको छ ।

८. जुगल ३ मा गुम्बा सामुदायिक स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भएको छ ।



९. जुगल ५ चर्नौटेमा ॐ शान्ती भवन निर्माणको लागि बहुवर्षिय ठेक्का आव्हान भई सम्झौता भएको छ ।

१०. विभिन्न गुम्बा, मन्दिर तथा चर्च निर्माण तथा व्यवस्थापनको कार्य भईरहेको छ ।

११. गाउँ सभा हलको निर्माण कार्य ठेक्का मार्फत सम्पन्न भएको छ।

## ५.वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

१. यस जुगल गाउँपालिकामा विपद्जन्य घटनाबाट विस्थापित भई पुनस्थापना लाभग्राही (रु ८०००००।-) र पुनर्निर्माण लाभग्राही (रु ५०००००।-) लाभग्राही सम्वन्धि विवरण निम्नासुसार छन् :

| क्र स | लाभग्राही सम्झौता | लाभग्राही प्रकार: पुनस्थापना (३०१) | लाभग्राही प्रकार: पुनर्निर्माण (४३) | जम्मा लाभग्राही (३४४) | प्रथम किस्ता जम्मा (२२१): पुनस्थापना | प्रथम किस्ता जम्मा (२२१): पुनर्निर्माण | दोस्रो किस्ता जम्मा (१३२): पुनस्थापना | दोस्रो किस्ता जम्मा (१३२): पुनर्निर्माण | तेस्रो किस्ता जम्मा (३२): पुनस्थापना | तेस्रो किस्ता जम्मा (३२): पुनर्निर्माण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा खरिद सहितको लाभग्राही | २८७ | ० | २८७ | २०० | ० | ११५ | ० | ३२ | ० |
| २ | जग्गा खरिद बाहेकका लाभग्राही | ० | २६ | २६ | ० | २१ | ० | १७ | ० | ० |
| ३ | सम्झौता हुन बाँकी लाभग्राही | १४ | १७ | ३१ | ० | ० | ० | ० | ० | ० |

२. लिदी पहिरो पिडितहरुको लागि काधुरी संस्थाद्वारा निर्माण सम्पन्न गरि बसोबास गरिसकेको ६८ घर बाँसखर्क, तिनै तहको सरकारको संयुक्त लगानीमा स्थानान्तरण गरिएको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ५ चौतारामा ६५ जना, वडा नं ४ कुबिण्डेमा ६७ जना र जुगल ५ चर्नौटेमा



१७ जना गरी जम्मा १४९ जना लाभग्राहीहरुको घर निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ जसमध्ये २६ जना लाभग्राहीले अन्तिम किस्ता प्राप्त गरिसकेको अवस्था छ।

३. जुगल गाउँपालिकाका सम्पूर्ण वडाहरुको भू वर्गीकरण गरिएको छ ।

४. यो वर्ष गाउँपालिकाका ३२ जनालाई अस्थायी लाभग्राही कायम गरिएकोमा जम्मा १२ घर( तेम्बा-९ घर, कुनेगाउँ-२ घर र पाङ्लाकोट-१ घर) सहितको अस्थायी आवास महिला आत्मनिर्भता केन्द्र मार्फत निर्माण गरिएका छन् भने बाँकी २० घरको लागि नेपाल सरकार मार्फत अस्थायी आवास निर्माणको थालनी भईसकेको छ ।

५. गाउँपालिकामा आईपर्न सक्ने विपदका घटनाहरूलाई न्युनिकरण गर्नका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रयोजनार्थ ईलाका प्रहरी कार्यालय, जलबिरे र प्रहरी चौकीहरूलाई विपद सामाग्री वितरण गरिएको छ ।

६. यो वर्ष विपद प्रभावित तथा पूर्व तयारी र प्रतिकार्यको लागि निम्नानुसार विपदका क्षेत्रहरूमा प्रकोप व्यवस्थापन कोषको बजेट खर्च गरिएका छन्:

| क.स. | विपदका क्षेत्रहरु | क्रियाकलाप/कार्यको विवरण | जम्मा खर्च रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल मर्मत | साङलुङ झो.पु. मर्मत | रु २९,७२१।- | वडा नं ३ र २ |
| २ | झोलुङ्गे पुल मर्मत | दिपु झोलुङ्गे पुल मर्मत | रु ३०००००।- | वडा नं ३ र २ |
| ३ | विद्यालय वाल निर्माण | सालकन्या आ.वि. वाल निर्माण | रु ५,१२,०००- | वडा नं २ |
| ४ | सडक मर्मत | फलेफी नेम्बाथाङ छिरिंखेबी स्थित सडक मर्मत | रु २,०५,०००- | वडा नं ४ |
| ५ | सडक मर्मत | बराम्चे सिस्नेरी चर्नौटे सडक मर्मत | रु १७०००००।- | वडा नं ५ |
| ६ | खोला नियन्त्रण | डोकल खोला नियन्त्रण | रु ६०००००।- | वडा नं ६ र ७ |
| ७ | खोला नियन्त्रण | फलेफी खोला नदि नियन्त्रण | रु ३,५०,०००।- | वडा नं ५ |
| ८ | काठको फड्के मर्मत | पंढुखोला/हेराङ खोला काठको फड्के मर्मत | रु ४५०००।- | वडा नं ३ |
| ९ | विपद् सामाग्री खरिद | विपद् जन्य घटनामा प्रयोग हुने सम्पूर्ण सामाग्रीहरू | रु १०,०००००।- | गाउँपालिका |
| १० | झोलुङ्गे पुल मर्मत | नेराम खोला झोलुङ्गे पुल मर्मत | रु १,२०,०००।- | वडा नं ३ |
| ११ | क्षतिग्रस्त विद्यालय भवन निर्माण | ओलेथान आ.वि.को भवन निर्माण | रु २०,०००००।- | वडा नं २ |
| १२ | ओखिममा रोकेको ढुङ्गा | साल डाँडा ढुङ्गा फुटाएको | रु २०,७४९।- | वडा नं २ |
| १३ | पहिरो | पहिरोमा लागेको राहत | रु ३०,०००।- | वडा नं १ |



लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| १४ | पहिरो | धन बहादुर तामाङ पहिरो पिडित राहत | रु.२५०००।- | वडा नं ३ |
| १५ | आगोलागी | चन्द्रबहादुर श्रेष्ठ आगोलागी राहत | रु २५०००।- | वडा नं ४ |
| १६ | बस्ती संरक्षण | खमारे बस्ती संरक्षण | रु १५०,०००।- | वडा नं ५ |
| १७ | आगोलागी | आगोलागी क्षति राहत रकम | रु २५०००।- | वडा नं ७ |
| १८ | पहिरो पिडितको लागि खाद्यान्न वितरण | कुनेगाउँ पहिरो मसलन्द वितरण | रु १४,४९५।- | वडा नं १ |
| १९ | पहिरो पिडितहरुको राहत | लेंगा पहिरो पिडितहरुको लागि राहत | रु ५३,५३०।- | वडा नं ३ |
| २० | आगोलागी राहत | ज्ञानम छाइ आगोलागी राहत | रु १५,२९०।- | वडा नं ६ |
| जम्मा | | | रु ७५,२०७,७७।- | |

## ६.न्यायिक तर्फः

१ मेलमिलापकर्ता समाज जिल्ला शाखा सिन्धुपाल्चोकको समन्वयमा मेलमिलापसम्बन्धी जिल्ला स्तरीय समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२ आ व २०८१।०८२ मा गाउँपालिकामा १८ वटा विवाद दर्ता भएकोमा १६ वटा विवादको मेलमिलाप भएको छ र

३ नेपाल बार एशोसिएसन जिल्ला अदालत बार इकाईको सहजीकरणमा जनप्रतिनिधि न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरूलाई कानूनी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

४. गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने ११ जनालाई नि शुल्क कानुनी सहायता प्रदान गर्दै आएको छ ।

५. सामाजिक विकृतिविरुद्ध कानूनी सचेतना र सडक नाटक कार्यक्रम सम्पन्न गरिएको छ ।

६ कानूनी समस्याबारे नागरिकहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

७ न्यायिक व्यवस्थापन प्रणाली साफ्टवेयरमार्फत विवादको अभिलेख प्रणालीलाई व्यवस्थित गरिएको छ ।

## ७.संघ संस्था साझेदारीः



१. फ्रेड हलोज फाउन्डेसन अस्ट्रेलियाको सहयोग तथा नेपाल रेडक्रस सोसाइटी सिन्धुपाल्चोकको समन्वयमा र तिलगंगा आँखा प्रतिष्ठान केन्द्र र गाउँपालिकाको साझेदारीमा आँखाका रोगको उपचार गर्ने गरि जुगल ग्रामिण आँखा केन्द्र संचालन रहेको छ।

२. जुगल गाउँपालिकाको समन्वय तथा शान्ति फाउन्डेसनको लगानीमा गाउँपालिकाभित्र जोखिममा रहेका समुदायलाई उत्थानशिल जिविकोपार्जन निर्माण सम्बन्धि पञ्चवर्षिय परियोजना कार्यक्रम अन्तर्गत २ जनालाई मानव बेचबिखन र लैंगिक हिंसा प्रभावितलाई सहयोग, सचेतनामूलक होर्डिङ्ग बोर्ड, अभिमुखिकरण, लैंगिक समानताका लागि व्यवहार परिवर्तन कार्यशाला गोष्ठि सम्पन्न भएका छन् ।

३. जुगल गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्रबीचको साझेदारीमा जुगल २ मा ताकु सामुदायिक स्वास्थ्य इकाई भवन (३ कोठे भवन) निर्माणको कार्य सम्पन्न भएको छ।

४. धुलिखेल अस्पतालको सहयोगमा समुदायमा आधारित उच्च रक्तचाप नियन्त्रण सम्बन्धि अनुसन्धानमूलक कार्यक्रम सम्पन्न भएको छ, जसमा कुल स्किनिङ ३,८९२ जनामा गरेको मध्ये ३९८ जनामा उक्त रक्तचापका केसहरु पत्ता लागेको थियो ।

५. दयाका हातहरु नेपाल नामक संस्थाले ३० जनालाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि तालिम, मानव बेचबिखन सम्बन्धि ५ वटा होर्डिङ बोर्ड, ३५ जनालाई यौनजन्य तथा लैंगिक हिंसा सम्बन्धि तालिम, २५ जना विद्यार्थीहरुलाई ट्युसन कक्षा र खाजा पोशाक र स्टेशनरी लगायतको सहयोग ,व्यवसाय प्रयोजनको लागि जुगल ५ का १० परिवारलाई उन्नत जातका ७ बाख्रा तथा ४ भेंट गर्नेषा सहयोग गरेको छ । त्यसैगरी १ जनालाई तरकारी खेती तथा १ जना आर्थिक अभाव भएको महिला विद्यार्थीलाई पढाईमा सहयोग प्रदान गरेको छ।

६. लोक शान्ति फाउण्डेसनले पाञ्चकन्या आ वि मा २०० जना विद्यार्थीहरुलाई झोला वितरण गरेको छ ।

## ८. अन्यः

१. जुगल गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका नदीजन्य पदार्थ तथा स्लेटको सर्वेक्षण, उत्खनन्, संकलन र उपयोगलाई व्यवस्थित बनाई गाउँपालिकामा रोजगारी सिर्जना गर्ने, राजश्व संकलनमा वृद्धि गर्ने, व्यवसायीहरुको आर्थिक कारोबार वृद्धि गर्ने तथा आम उपभोक्तामा निर्माण समाग्रीको सहज पहुँच स्थापित गर्ने प्रयोजनार्थ स्लेटको उत्खनन् र संकलनको कार्यलाई व्यवस्थित बनाउने कार्य अगाडी बढिरहेको छ।

२. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

३. गाउँपालिकाको शान्ति,सुरक्षा,सार्वजनिक सेवा प्रवाह र स्थानीय तहमा हुन सक्ने अपराध र सोको न्यूनिकरण सम्बन्धमा प्रमुख जिल्ला अधिकारी सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जुगल गाउँपालिका बिच संघीयता कार्यान्वयनमा समन्वय र सहकार्य गर्नुपर्ने विषयहरुको बारेमा छलफल भएको छ।

५. यो वर्ष चिनियाँ सरकारबाट अनुदानको रुपमा गाउँपालिकालाई प्रदान गरिएको स्काभेटर (LONKING LG6205) मा ९२६ घण्टा चल्दा १६,६६८ लिटर ईन्धन खर्च भएको देखिन्छ जसले वडा नं १,२,४



र ५ को विभिन्न ठाउँहरुमा जम्मा ८,६३,५८२ घनमिटर सडक चौडाई, सरसफाई, मर्मत, जग्गा सम्याउने र नयाँ ट्र्याक खोल्ने कार्य भएको छ ।

६. गाउँपालिकामा कपडा बैंक स्थापना गरी ३४ जनालाई २८० थान कपडा वितरण गरिएको छ ।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्बी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३